परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १७८ पष्ठ ४ २०८३ वैशाख ६ गते आईतवार 19 April, 2025 मूल्य रु. ५/-
हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




### ३४ औं पारिजात स्मृति दिवसमा
# कृति लोकार्पण तथा स्रष्टा सम्मान



● विजयकुमार साह

३४ औं पारिजात स्मृति दिवसको अवसरमा बर्दिबासमा कृति लोकार्पण तथा स्रष्टा सम्मान कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ। प्रगतिशील लेखक सङ्घ नेपाल ९प्रलेस० मधेश प्रदेश समितिको आयोजना तथा शिशिर घिमिरे स्मृति प्रतिष्ठान नेपालको प्रायोजनमा सम्पन्न कार्यक्रममा प्रलेस मधेश प्रदेशका अध्यक्ष नारायण घिमिरेले अध्यक्षता गरेका थिए भने मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष डा। राम भरोस कापडी प्रमुख अतिथिका रूपमा उपस्थित थिए।

कार्यक्रममा गौरीशंकर मिथिला वाङमय प्रतिष्ठानका अध्यक्ष तथा शिशिर घिमिरे स्मृति प्रतिष्ठानका संरक्षक प्रेम घिमिरेद्वारा लिखित कृति "जेन्जीको ज्वाला" लोकार्पण गरिएको थियो। साथै, शिशिर घिमिरे स्मृति नव प्रतिभा पुरस्कार-२०८२ कमला साहित्य कला समाज धनुषाका अध्यक्ष गणेश तिमिल्सिनालाई प्रदान गरिएको थियो।

प्रलेस मधेश प्रदेशका सचिव भिमकुमार राउतद्वारा सञ्चालन गरिएको कार्यक्रममा प्रलेस नेपाल महोत्तरीका अध्यक्ष रामचन्द्र पौडेलले स्वागत मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा विभिन्न साहित्यिक तथा सामाजिक क्षेत्रका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रमको पहिलो चरणमा पारिजातप्रति माल्यार्पण गर्दै उहाँको व्यक्तित्व र कृतित्वमाथि परिचर्चा गरिएको थियो। साहित्यकार लिलानाथ गौतम, केदार कोइराला र मदन प्रभातले पारिजातको साहित्यिक योगदान र समाज रूपान्तरणमा उनको भूमिकामाथि विचार व्यक्त गर्दै अन्याय, अत्याचार र शोषणविरुद्ध चेतना फैलाउन साहित्यको भूमिका महत्वपूर्ण रहेको बताए।

दोस्रो चरणमा कवि अग्नि कवचद्वारा लिखित "जेन्जीको

बाकी पष्ठ ३......

### कैंची प्रहारबाट
# युवक गम्भीर घाइते



● टक नेपाल

सर्लाहीको गोडैता बजारमा आज साँझ कैंची प्रहारबाट एक युवक गम्भीर घाइते भएका छन् ।

पुरानो रिसिबीका कारण कैंची प्रहार हुँदा गोडैता नगरपालिका-७, बस्ने १८ वर्षीय आकाश दास घाइते भएका हुन् । साँझ ६:१५ बजेतिर भएको उक्त घटनामा घाइते भएका युवकलाई प्रादेशिक अस्पताल मलंगवामा प्राथमिक उपचारपछि अहिले राति ८:१० बजेतिर नेशनल मेडिकल कलेज वीरगन्ज रेफर गरिएको छ ।

कैंची प्रहारबाट आकाशको टाउको र पिठ्यूमा चोट लागेको छ । प्रहरीले कैंची प्रहारमा संलग्न गोडैता ७ कै १८ वर्षीय इबरान दर्जी मिया र १८ वर्षकै अपसैद बैठालाई नियन्त्रणमा लिएको छ ।

उनीहरुलाई प्रहरी चौकी गोडैताबाट थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मलङ्गवा ल्याइएको प्रहरी निरीक्षक विन्देश्वर यादवले उज्यालो अभियानसँग बताए ।

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।
नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं
गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी, मधेश प्रदेश

हैजा बारे जानौं, बुझौं र सतर्क रहौं
गर्मी तथा वर्षायाम सुरु भएसँगै विशेषगरि बालबालिकामा झाडापखाला, हैजा जस्ता रोगहरु फैलने हुँदा सावधानी र सतर्कता अपनाउन असाध्यै जरुरी छ ।
घरैमा उपचार गर्ने ५ नियम
१ झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने
२ प्रशस्त मात्रामा सफा तथा झोल कुराहरु पटक पटक खान दिने
३ नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने
४ स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार जिङ्क चक्कीको मात्रा नविराइकन खुवाउने
५ व्यक्तिगत सरसफाईमा ध्यान दिने, र स्वच्छ पानी तथा खाना खाने

बर्दिवास नगरपालिका,महोत्तरी (मधेश प्रदेश)

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### फेक न्युजको महामारी

डिजिटल युगले सूचना प्रवाहलाई सहज बनाएको छ, तर यही सहजताले 'फेक न्युज'को महामारी पनि तीव्र बनाएको छ। पछिल्लो समय सामाजिक सञ्जाल र अनलाइन माध्यममा तथ्यहीन, भ्रामक र अतिरञ्जित सामग्री समाचारका रूपमा प्रस्तुत भइरहेका छन्। यस्ता मिथ्या सूचनाले समाजमा भ्रम, अविश्वास र अस्थिरता सिर्जना गर्दै लोकतान्त्रिक प्रक्रियामाथि समेत गम्भीर प्रभाव पारिरहेका छन्।

फेक न्युज केवल गलत सूचना होइन, यो सुनियोजित रूपमा फैलाइने छलकपट हो, जसको उद्देश्य जनमत प्रभावित गर्नु, राजनीतिक लाभ लिनु वा सामाजिक विभाजन बढाउनु हुन सक्छ। नेपालजस्तो मुलुकमा जहाँ डिजिटल साक्षरता अझै कमजोर छ, त्यहाँ यस्ता सूचनाले झन् ठूलो असर पार्ने गरेको छ। धेरै प्रयोगकर्ताले शीर्षक मात्र हेरेर प्रतिक्रिया दिने प्रवृत्तिले समस्या झन् गम्भीर बनाएको छ।

यस चुनौतीसँग जुध्न राज्य, सञ्चारमाध्यम र नागरिक सबैको साझा जिम्मेवारी आवश्यक छ। विश्वसनीय स्रोतको प्रयोग, तथ्य जाँच, र सचेत सूचना उपभोग अहिलेको अपरिहार्य आवश्यकता हो। साथै, डिजिटल साक्षरता अभिवृद्धि र फेक न्युज फैलाउनेमाथि कडा कारबाही पनि उत्तिकै जरुरी छ।

अन्ततः, सत्य र जिम्मेवार सूचनाको संरक्षण गर्नु नै स्वस्थ समाज र सुदृढ लोकतन्त्रको आधार हो।

# कुखुरामा प्रयोग हुने औषधिले मानिसको ज्यानै लिन्छ ?

• टक नेपाल

मरेको बोइलर कुखुराको मासु खाँदा कैलालीको चुरे गाउँपालिका-३ का ५ वर्षीय दीपक ताम्राकार र उनका ८ वर्षीय दाजु भीमको उपचारका क्रममा शनिबार निधन भयो । सोही मासु खाएका कारण उनीहरूका २८ वर्षीया आमा राधिका ताम्राकार र तीन वर्षीय भाइ दिपेश ताम्राकार पनि गम्भीर बिरामी परेका छन्, उनीहरूको उपचार सेती प्रादेशिक अस्पतालमा चलिरहेको छ ।

कैलालीमा मरेको कुखुराको मासु खाँदा दुई बालकको ज्यान गयो, आमा र भाइ गम्भीर

कैलालीमा मरेको कुखुराको मासु खाँदा दुई बालकको ज्यान गयो, आमा र भाइ गम्भीर



यो घटना पहिलो भने होइन, यसअघि पनि मरेको कुखुराको मासु खाँदा मानिसको ज्यान गएका घटना पटक-पटक भएका छन् । २०८१ मंसिरमा अछामको कमलबजार नगरपालिका-३ बयलाका १५ वर्षीय कमल विकको पनि यस्तै घटनामा मृत्यु भएको थियो । त्यसैगरी, २०७६ सालमा बैतडीको पुर्चौंडी नगरपालिका-२ जरसौंका १५ वर्षीया पुष्पा पार्कीको मृत्यु भएको थियो भने सोही घटनामा एकै परिवारका अन्य ९ जना बिरामी परेका थिए ।

यस्ता घटना पटक-पटक भए पनि सरकार गम्भीर नदेखिएको गुनासो गुनासो छ, जसका कारण घटना बढिरहेका छन् ।

पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालले विगतमा के-के भयो भन्नेबारे अहिले नै बताउने अवस्था नरहेको तर कैलालीको घटनामा भने फार्ममा समस्या नदेखिएको बताए । उनले भने, 'मासु खाएपछि बालकको मृत्यु भएको थाहा पाउनेबित्तिकै विशेषज्ञ टोलीले फार्मको जाँचबुझ गरेको थियो । त्यहाँ रहेका कुखुरा तथा दानाको परीक्षण गर्दा केही देखिएको छैन ।' प्रहरीले यसबारे थप छानबिन गरिरहेको र छानबिनबाटै घटनाको कारण बाहिर आउने पनि उनले बताए ।

## सरोकारवालाको दाबी

कुखुरा उत्पादनलाई लिएर विभिन्न शंका-उपशंका उब्जिरहेका छन् । कुखुरा फार्महरूमा तौल बढाउन तथा छिटो खानयोग्य बनाउन औषधि प्रयोग भइरहेको दाबी गरिएको छ । गत पुसमा आयोजित 'कुखुराको मासुमा एन्टिबायोटिकको अत्यधिक तथा हानिकारक प्रयोग नियन्त्रण' सम्बन्धी कार्यक्रममा एनिमल नेपालकी लाइभस्टक विभाग प्रमुख सुलक्षणा राणाले कुखुराको मासुमा एन्टिबायोटिकको प्रयोग भइरहेको बताएकी थिइन् । यसको मात्रा र यसले मानव स्वास्थ्यमा पार्ने असरबारे अध्ययन हुन आवश्यक रहेको धारणा उनले राखेकी थिइन् ।

नेपालमा कुखुराको मासुमा एन्टिबायोटिकको जथाभावी प्रयोगले 'एन्टिमाइक्रोबियल रेसिस्टेन्स'को जोखिम बढेको छ । कुखुराको मासुबाट मानव स्वास्थ्यमा जोखिम देखिएपछि सरकारले सन् २०१६ देखि कुखुराको दानामा प्रयोग हुने एन्टिबायोटिकमा पूर्ण रूपमा रोक लगाएको छ । तर, विभिन्न अध्ययनहरूले कुखुरा फार्महरूमा अझै पनि यसको प्रयोग भइरहेको देखाएका छन् ।

## फार्महरूको मनमानी

विभागका महानिर्देशक दाहालले डाक्टरको सल्लाहबमोजिम औषधिका रूपमा मात्र एन्टिबायोटिक प्रयोग गर्न पाइने तर अन्य कुनै पनि रूपमा प्रयोग गर्न नपाइने गरी रोक लगाइएको दाबी गरे । 'डाक्टरको सल्लाहबिना एन्टिबायोटिक प्रयोग गरेको पाइए कानुनअनुसार कारबाही हुने व्यवस्था छ,' उनले भने, 'आफूहरूले दानामा त्यसरी एन्टिबायोटिक प्रयोग गरेको कतै नपाएको उनको दाबी छ ।'

तर, फार्म सञ्चालक तथा किसानले कुखुराको तौल बढाउन अनेकथरीका औषधि प्रयोग गर्ने गरेको समाचार आउने गरेका छन् । कतिपय फार्मले दानामा मात्र नभई पानीमा मिसाएर पनि औषधि दिने गरेको स्रोतको दाबी छ । एक भेटेरिनरी जानकारले भने, 'फार्म सञ्चालक तथा किसानले कुखुरा छिटो बढोस् भनेर दाना र पानीमा मात्र होइन, कतिपय ठाउँमा सुईसमेत दिने

बाकी पृष्ठ ३......


## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकीा गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।
- मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ । उनीह लाइ बेचबिखन सम्बन्धी अपाधको

गौशाला नगरपालिका, महोत्तरी मधेश प्रदेश








# ३४ औँ पारिजात स्मृति दिवसमा ................

ज्वाला" कृतिको समीक्षा गरिएको थियो। कवि मञ्जु मञ्जुभाषिणीले काव्यको शिल्प, भाषा र संरचनामाथि चर्चा गरेकी थिइन् भने कवि जीवनस्पर्शीले यसको वैचारिक पक्ष र प्रगतिशील धारबारे विश्लेषण प्रस्तुत गरेका थिए।

तेस्रो चरणमा सम्मानित स्रष्टा गणेश तिमिल्सिनाले आफूलाई प्राप्त सम्मानप्रति खुशी व्यक्त गर्दै आयोजक संस्थाप्रति आभार व्यक्त गरे।

कार्यक्रममा कुमार दाहाल कुसुम, अभिषेक पाण्डे, मिना देवकोटा, गणेश अधिकारीलगायतले कविता, गीत र गजल वाचन गरेका थिए।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि डा। राम भरोस कापडीले बर्दिबासको माटोमै साहित्यको सम्भावना रहेको उल्लेख गर्दै यसको विकासका लागि सबैको सहकार्य आवश्यक रहेको बताए। उनले मधेश प्रज्ञा प्रतिष्ठानको तर्फबाट आवश्यक सहयोग रहने विश्वास समेत व्यक्त गरे।

कार्यक्रमको अन्त्यमा सभाध्यक्ष नारायण घिमिरेले सहभागी सम्पूर्ण अतिथि, सहयोगी संस्था तथा आयोजक टिमप्रति धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि यस्ता साहित्यिक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका थिए।

# कुखुरामा प्रयोग हुने औषधिले ........................

गरेको भेटिएको छ।'

सामाजिक सञ्जाल र युट्युबमा हेरेर खेतीपाती हुने गरेकाले कुखुराको ग्रोथ प्रमोटरका लागि के औषधि प्रयोग गर्ने भनेर अहिले खोजी हुने उनले बताए। 'युट्युबले जे भन्छ, त्यही प्रयोग गर्छन्। यसकारण बोइलर कुखुराको मासुमा जोखिम देखिएको हो,' उनले बताए, 'तरकारीमा विषादी प्रयोग नगर्न रोक लगाइए पनि कालिमाटीको परीक्षणमा तरकारी खानयोग्य देखिँदैन, कुखुरामा पनि विभिन्न औषधि प्रयोग भइरहेको छ।'

कस्ता-कस्ता औषधि प्रयोग हुन्छन् ?

नेपालका पशु औषधि पसलहरूमा त्यस्ता औषधि छ्यापछ्याप्ती पाइन्छन्। 'जर्नल अफ एड्भान्स भेटेरिनरी एन्ड एनिमल रिसर्च'ले गरेको एक अध्ययनअनुसार पशु चिकित्सा औषधिको बिक्रीको ७० प्रतिशतभन्दा बढी खुद्रा पसलहरूबाट हुने गरेको छ। नेपालमा प्रयोग हुने शीर्ष सात एन्टिबायोटिकहरूमा टेट्रासाइक्लिन, एन्रोफ्लोक्सासिन, नियोमाइसिन-डक्सिसाइक्लिन, लेभोफ्लोक्सासिन, कोलिस्टिन र टाइलोसिन रहेका छन्।

एम्पिसिलिन, एमोक्सिसिलिन, सेफ्ट्रियाक्सोन र जेन्टामाइसिन सबैभन्दा बढी गलत तरिकाले प्रयोग हुने औषधि हुन्। त्यस्तै टेट्रासाइक्लिन्स, पेनिसिलिन्स, म्याक्रोलाइड्स, स्ट्रेप्टोग्रामिन्स, एमिनोग्लाइकोसाइड्स र सल्फोनामाइड्स प्रयोग गर्न नहुने एन्टिबायोटिक समूहका औषधि हुन्, जुन नेपालमा प्रयोग भइरहेको विभिन्न अध्ययनले देखाएका छन्। वृद्धि प्रवर्धक (ग्रोथ प्रमोटर) का लागि सबैभन्दा बढी स्ट्रेप्टोग्रामिन्स प्रयोग हुने गरेको छ।

पशु सेवा विभागमा कुखुरा विज्ञका रूपमा काम गरेका डा. नवराज श्रेष्ठ सरकारले एन्टिबायोटिक प्रयोगमा पूर्ण रूपमा बन्देज लगाए पनि कतिपय साना किसानले घरमै दाना बनाउने र त्यहाँसम्म सरकारको नजर नजाने बताउँछन्।

'हरेक किसानको फार्ममा गएर उनीहरूले बनाएको दाना परीक्षण गर्न सम्भव छैन,' उनले भने, 'डाक्टरको सिफारिसबाहेक कुनै पनि प्रकारको औषधि प्रयोगमा सरकारले बन्देज लगाएको छ।' विगत १२-१३ वर्षदेखि यस क्षेत्रमा आफूले काम गरेको र अनुगमनमा जाँदा कतै पनि जथाभावी औषधि प्रयोग गरेको नपाएको उनले दाबी गरे। उनले भने, 'प्रयोगशालामा हजारौँ नमुना परीक्षण हुन्छन्, त्यसमा एक-दुईवटामा त्यस्तो भेटिनु सामान्य हो। त्यसमा पनि सरकार सचेत छ र त्यस्तालाई कारबाहीका लागि सिफारिस गरिएको छ।' विश्वव्यापी प्रतिबन्ध

एन्टिबायोटिकको नाममा कुखुरामा जथाभाबी औषधि प्रयोग हुन थालेपछि युरोपेली संघले सन् २००६ देखि नै त्यसमा प्रतिबन्ध लगाएको थियो। त्यसको १० वर्षपछि मात्र नेपालले त्यसलाई कार्यान्वयनमा ल्यायो।

विश्व स्वास्थ्य संगठनले पनि एन्टिबायोटिक प्रतिरोध रोकथामका लागि वृद्धि प्रवर्धकको प्रयोग बन्द गर्न सिफारिस गरेको छ। संयुक्त राज्य अमेरिकामा पनि चिकित्सकीय रूपमा महत्त्वपूर्ण मानिएका एन्टिबायोटिकहरूलाई वृद्धि प्रवर्धकका रूपमा प्रयोग गर्न प्रतिबन्ध लगाइएको छ।

भारतले सन् २०१७ देखि कोलिस्टिन (एन्टिबायोटिक) लाई वृद्धि प्रवर्धकका रूपमा प्रयोग गर्न प्रतिबन्ध लगाएको छ। तर, अन्य महत्त्वपूर्ण एन्टिबायोटिकहरूको वृद्धि प्रवर्धकका रूपमा प्रयोग भने अझै भइरहेको छ, जसलाई विश्व स्वास्थ्य संगठनले प्रतिबन्ध लगाउन सिफारिस गरिसकेको छ।

एक अध्ययनले नेपालभन्दा भारतमा अत्यधिक बढी एन्टिबायोटिक औषधि प्रयोग हुने देखाएको छ। नेपालका लागि भारत मुख्य बजार हो र सीमा क्षेत्रबाट अवैध रूपमा अत्यधिक मात्रामा कुखुरा, चल्ला तथा अण्डा भित्रिने गरेका छन्।

सूचना ! सूचना !! सूचना !!!
राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधि खुवाउने कार्यक्रम
कार्यक्रम वर्षमा २ पटक सञ्चालन हुन्छ ।
स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार



मिति: २०83 बैशाख ६ र ७ गते (कार्यक्रम सन्चालन हुने मिति)
स्थान: नजिकैको महिला स्वास्थ्य स्वंयसेविंक (आफ्नो स्वास्थ्य संस्था / केन्द्रको नाम) किउल स्वास्थ्य चौकी
लक्षित समूह: ६ महिना देखि ५ वर्ष सम्मका सबै बालबालिका

यो कार्यक्रम वर्षमा २ पटक सञ्चालन हुन्छ । कार्तिक र बैशाख महिना

भिटामिन 'ए' खुवाउने तालिका

| उमेर समूह | भिटामिन 'ए' को मात्रा |
|---|---|
| ६ महिना मुनिका | भिटामिन 'ए' नखुवाउने |
| १२ महिना देखि ११ महिना सम्म | आधा (½) क्याप्सुल |
| १२ महिना देखि ५ वर्ष सम्म | १ (एक) क्याप्सुल |

भिटामिन 'ए' ले आँखाको ज्योति, रोग प्रतिरोधात्मक क्षमता र बालबालिकाको वृद्धि-विकासमा महत्वपूर्ण भूमिका खेल्छ ।

जुकाको औषधि (Albendazole) खुवाउने तालिका

| उमेर समूह | जुकाको औषधि (Albendazole) को मात्रा |
|---|---|
| १२ महिना मुनि | नखुवाउने |
| १ वर्ष देखि २ वर्ष सम्म | आधा (½) चक्की |
| २ वर्ष देखि ५ वर्ष सम्म | १ (एक) चक्की |

जुकाको औषधिले पेटका किरा हटाउँछ र बालबालिकालाई कुपोषण, रगतको कमी, पेट दुख्ने, झाडापखाला जस्ता समस्याबाट बचाउँछ ।

महत्वपूर्ण जानकारी
- यो कार्यक्रम वर्षमा २ पटक (कार्तिक र बैशाख महिना) सञ्चालन हुन्छ ।
- आफ्नो बालबालिकालाई नजिकको महिला स्वास्थ्य स्वंयसेविका वा तोकिएको केन्द्रमा अनिवार्य रुपमा ल्याउनुहोस् ।
- स्वास्थ्यकर्मीको सल्लाह अनुसार मात्रा खुवाउने, खुवाएपछि बच्चालाई खान र पिउन दिन सकिन्छ ।

आफ्ना बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाऔं, स्वस्थ राखौं, खुसी बनाऔं ।
गौशाला नगरपालिका,महोत्तरी,मधेश प्रदेश

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

गौशाला नगरपालिका
महोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

## महोत्तरीमा टेम्पोमाथि

# रुख खस्दा दुईको मृत्यु, तीन जना घाइते



● टक नेपाल

महोत्तरीमा टेम्पोमाथि रुख खस्दा दुई जनाको मृत्यु भएको छ भने तीन जना गम्भीर घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार शनिबार साँझ आएको हावाहुरीका क्रममा जलेश्वर नगरपालिका-९, परकौलीस्थित सडक किनारको रुख ढलेर जलेश्वरबाट जनकपुरतर्फ जाँदै गरेको ज १ घ ४८५० नम्बरको टेम्पोमाथि खसेको हो।

उक्त दुर्घटनामा एक महिला र एक पुरुष गरी दुई जनाको घटनास्थलमै मृत्यु भएको छ भने तीन जना (पुरुष चालक र दुई महिला) घाइते भएका प्रहरीले जनाएको छ।

प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार टेम्पोमा चालकसहित पाँच जना सवार रहेका थिए । दुर्घटनामा घाइते भएका तीन जनालाई उपचारका लागि जनकपुर पठाइएको छ ।

मृतक तथा घाइतेहरूको पहिचान खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि केही समय जलेश्वर-जनकपुर सडक खण्ड अवरुद्ध भएको थियो । नेपाली सेना र प्रहरीको संयुक्त प्रयासमा सडकमा खसेको रुख हटाएपछि यातायात पुनः सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।




## परम्परागत 'गुनासो पेटिका' प्रयोगविही

# सूचना प्रविधिमार्फत उजुरी लिने व्यवस्था विस्तार हुँदै

● टक नेपाल




सरकारी कार्यालयहरूमा सेवाग्राहीका गुनासा, सुझाव तथा उजुरी संकलन गर्न राखिएका 'गुनासो पेटिका' पछिल्लो समय प्रयोगविहीन बन्दै गएका छन्।

सङ्घ, प्रदेश तथा स्थानीय तहका अधिकांश कार्यालयमा राखिएका यस्ता पेटिका प्रायः रित्तै रहने गरेका छन् भने कतिपय कार्यालयमा लामो समयदेखि नखोलिएको अवस्था समेत देखिएको छ।

केही वर्षअघिसम्म गुनासो पेटिकामा सेवाग्राहीका उजुरी तथा सुझावहरू संकलन हुने गरे पनि अहिले पेटिका खोल्दा प्रायः खाली नै पाइने गरेको सम्बन्धित कार्यालयहरूले जनाएका छन्। कतिपय स्थानमा त पेटिका खोल्ने प्रचलन नै हराउँदै गएको छ भने केही पेटिकामा माकुराको जालो र बारुलाको घार समेत बनेको पाइन्छ।

महोत्तरीको गौशाला नगरपालिकाका नगर प्रमुख डा। दिपेन्द्र महतो ले आफू निर्वाचित भएको करिब चार वर्षको अवधिमा गुनासो पेटिकामा एउटा पनि उजुरी नपरेको बताउनुभयो।

उहाँकाअनुसार सेवाग्राहीले चित्त नबुझेका विषय प्रत्यक्ष रूपमा जनप्रतिनिधि, सूचना अधिकारी वा कार्यालय प्रमुखसमक्ष राख्ने प्रवृत्ति बढेकाले पेटिकाको प्रयोग घटेको हुनसक्छ।

यस्तै, औरही नगरपालिकाका नगर प्रमुख प्रदीप कुमार खड्का ले दैनिक रूपमा सेवाग्राहीसँग प्रत्यक्ष भेटघाट हुने र गुनासा सिधै प्रस्तुत गरिने भएकाले पेटिकामा उजुरी नआएको बताउनुभयो। "सेवाग्राहीले आफ्ना समस्या र गुनासा प्रत्यक्ष रूपमा जनप्रतिनिधि तथा कर्मचारीसमक्ष राख्ने चलन बढेको छ," उहाँले भन्नुभयो।

जिल्ला प्रशासन कार्यालयजस्तो बढी सेवाग्राही चाप हुने निकायमा समेत गुनासो पेटिका प्रभावकारी रूपमा प्रयोग हुन सकेको छैन। महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवकाअनुसार सेवाग्राहीले गुनासो भए सिधै कार्यालयमा उपस्थित भई वा सम्बन्धित अधिकारीसँग सम्पर्क गर्ने भएकाले पेटिकाको प्रयोग घटेको हो।

सूचना प्रविधिको तीव्र विकाससँगै गुनासो दर्ता गर्ने शैलीमा समेत परिवर्तन आएको छ। वर्दिवास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीकाअनुसार अहिले अधिकांश सरकारी कार्यालयहरूले आफ्ना वेबसाइटमार्फत नै गुनासो तथा उजुरी दर्ता गर्ने व्यवस्था मिलाएका छन्।


"सेवाग्राहीलाई सहजताका लागि अनलाइन प्रणाली विकास गरिएकाले परम्परागत गुनासो पेटिका प्रयोगविहीन बन्न पुगेका छन्," उहाँले बताउनुभयो।

जिल्लामा बढी सेवाग्राही आउने मालपोत तथा भूमिसुधार कार्यालयमासमेत गुनासो पेटिका खाली नै रहने गरेको छ। मालपोत तथा भूमिसुधार कार्यालय जलेश्वरका सूचना अधिकारी अजयकुमार कर्णकाअनुसार सेवाग्राहीले समस्या परे सिधै कार्यालय प्रमुखसमक्ष पुग्ने गरेका छन्। साथै, सामाजिक सञ्जालमार्फत गुनासो सार्वजनिक गर्ने प्रवृत्ति समेत बढ्दै गएको उहाँले उल्लेख गर्नुभयो।

सरकारी कार्यालयहरूले नागरिक बडापत्र, सेवा प्रवाहसम्बन्धी विवरण तथा अन्य सूचनाहरू समेत वेबसाइटमार्फत सार्वजनिक गर्ने गरेका छन्। यसले गर्दा सेवाग्राहीले प्रत्यक्ष भेटघाट, फोन वा डिजिटल माध्यमबाट गुनासो राख्ने अभ्यास बढेको देखिन्छ।

सूचनाको हकका क्षेत्रमा क्रियाशील धवेन्द्रकुमार यादवले गुनासो पेटिका राम्रो व्यवस्था भए पनि यसको प्रभावकारिताबारे पर्याप्त जानकारी नदिँदा प्रयोग घटेको बताउनुभयो। उहाँकाअनुसार कार्यालयहरूले पेटिकाको नियमित प्रयोग तथा व्यवस्थापनमा ध्यान नदिँदा यसको महत्व क्रमशः कम हुँदै गएको छ। यद्यपि, सूचना प्रविधिको विस्तारसँगै सेवाग्राहीले अनलाइन माध्यममार्फत गुनासो तथा सुझाव राख्ने अभ्यास बढ्दै गएको छ। यसले पारदर्शिता र पहुँचलाई सहज बनाएको भए पनि परम्परागत गुनासो पेटिका भने विस्तारै इतिहास बन्दै जाने संकेत देखिएको छ।




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014